# बुढीनन्दा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## कोल्टी, बाजुरा

## आर्थिक बर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

मितिः २०८३/०३/१०

बुढीनन्दा नगरपालिका

२०८३

# बुढीनन्दा नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम

## आ.ब.२०८३/०८४

**बुढीनन्दा नगरपालिकाको दोश्रो नगर सभाको १२औं अधिवेशनमा समुपस्थित**

**नगरपालिकाका उप-प्रमुख ज्यू,**

**उपस्थित सम्पूर्ण नगरसभाका सदस्यज्यूहरु,**

बुढीनन्दा नगरपालिकाको गरिमामय दोश्रो नगरसभाको १२ औं अधिवेशनमा सभाध्यक्षको हैसियतले स्थानीय सरकारको आर्थिक बर्ष २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम दोस्रो पटक प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु । मुलुकमा विभिन्न कालखण्डमा भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, जेन्जि आन्दोलन र विभिन्न राजनैतिक आन्दोलनहरुमा देशको राष्ट्रियता,सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वाभिमान, प्रजातन्त्र र आम सरोकारका बिषयहरु उठान गर्ने क्रममा आफ्नो जीवनको बलिदानी गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहीदहरुप्रति उच्च सम्मानका साथ श्रद्धासुमन प्रकट गर्दछु ।नगरको समग्र विकासका लागि सबै पक्षहरुको राय, सुझाव तथा सल्लाह अनुसार जनताका आधारभूत माग सम्बोधन गर्न स्थानीय सरकारवाट जनतालाई सरकार भएको आभाष दिलाउन भूगोल,इतिहास, आस्था र सबैखाले संस्कृतिसहितको समुदायहरुलाई न्याय र समता सहितको न्यायोचित व्यवहार हुने छ भन्ने विश्वास दिलाउन चाहन्छु । देशका विद्यमान कानुनहरु,स्थानीय सरकार सञ्चालन ऐन,अन्तरसरकारी बित्त व्यवस्थापन सम्बन्धमा बनेका ऐन, लगायत स्थानीय सरकारका सरोकारका विषयगत ऐन, नियमावली र मापदण्डहरु र नगरवासीहरुसँग प्रत्यक्ष जोडिएका सरोकारका विषयहरुलाई केन्द्रबिन्दुमा राखी आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।नगरवासीहरुले विकासको अनुभूति गर्ने गरी स्थानीय सरकारले सञ्चालन गर्ने कार्यक्रमहरु संघीय सरकार र प्रदेश सरकारसँगको सहकार्यमा सञ्चालन हुने विभिन्न कार्यक्रमहरु सबैको सहज पहुँच,

सुशासनमुखी, जनउत्तरदायी र पारदर्शीताको विषयहरुलाई सहकारी र निजीक्षेत्रसंगको सहकार्यमा सञ्चालनहुने गरीने कार्यक्रमहरुको नीति अनुरुप सफल कार्यान्वयन गर्न सबै क्षेत्रसंग सहअस्तित्वको अवधारणा अनुरुप कामलाई अगाडि बढाइने छ ।यस सम्मानित सभामा विभिन्न क्षेत्रगत रुपमा अवलम्बन गरिएका नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**१. शिक्षा,यूवा खेलकुद सम्वन्धी नीतिः**

१. सामुदायिक विद्यालयमा विशेष सिकाई तथा लक्षित सिकाई कक्षा कार्यक्रम सञ्चालन गरी सिकाइ उपलब्धीमा वृद्धि गरिनेछ।यसका लागी उपचारात्मक कक्षालाइ थप प्रभावकारी रुममा निरन्तरता दिइनेछ ।

२. संवैधानिक सुनिश्चितता, अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रमलाई माध्यामिक तहमा निरन्तरता दिइनेछ।

३. नगर प्रमुख छात्रवृति कार्यक्रम पालिकाभित्रका जेहेन्दार, दलित, अपाङ्गता भएका, अनाथ तथा आर्थिक रूपमा विपन्न परिवारका उत्कृष्ट छात्रछात्राहरूलाई उच्च शिक्षा तथा प्राविधिक शिक्षा अध्ययनका लागि प्रोत्साहन स्वरूप "नगर प्रमुख छात्रवृत्ति कोष" मार्फत आर्थिक सहायता प्रदान गरिनेछ।

४. राष्ट्रका लागि खेल स्वास्थ्यका लागि खेल अन्तर्गत राष्ट्रपति रनिङसिल्ड प्रतियोगिता पालिकास्तरमा भव्य र व्यवस्थित रुपमा सञ्चालन गरी अन्तर-विद्यालय खेलकुद सञ्चालन, खेल पूर्वाधार परिमार्जन र उत्कृष्ट खेलाडीहरूलाई प्रादेशिक तथा राष्ट्रिय स्तरको प्रतिस्पर्धाका लागि विशेष प्रशिक्षणको व्यवस्था गरिनेछ।

५. आधारभूत तह (कक्षा ८) को परीक्षालाई थप मर्यादित, स्तरीकृत र प्रविधिमैत्री ढंगले सञ्चालन गर्न र कक्षा १ देखि ९ सम्मको वार्षिक परीक्षालाई परिमार्जित राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुसार वस्तुनिष्ठ मूल्यांकन प्रणालीमा आधारित बनाइनेछ।

६. डिजिटल नेपाल फ्रेमवर्क अन्तर्गत प्रधानाध्यापकलाई प्रविधि र AI साक्षरता तालिम सञ्चालन गरिनेछ।

७. प्रारम्भिक बालविकास सहजकर्तालाई दक्षता अभिवृद्धि कार्यक्रम प्रारम्भिक जग र मानसिक विकासको मुख्य केन्द्र मानिने प्रारम्भिक बालविकास (ECD) केन्द्रहरूलाई मन्टेश्वरी विधिमा आधारित बनाउन सहजकर्ताहरूलाई बालमनोविज्ञान, आधुनिक सिकाई विधि र सामग्री निर्माण सम्बन्धी विशेष दक्षता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ।

८. विद्यालयहरूको दैनिक पठनपाठन र शैक्षिक क्रियाकलापको नियमित अनुगमन, सुपरिवेक्षण र आकस्मिक निरीक्षण कार्यलाई सघन बनाइनेछ। अनुगमनबाट प्राप्त पृष्ठपोषणका आधारमा नीतिगत सुधार गर्न र शैक्षिक समस्याहरूको तत्काल समाधान पहिल्याउन सबै प्र.अ. हरूसँग नियमित समीक्षा तथा समन्वयात्मक बैठकहरू सञ्चालन गरिनेछ।

९. शिक्षकहरूको कार्यक्षमता र शिक्षण कौशल बढाउनका लागि देशका उत्कृष्ट नमुना विद्यालयहरूमा ईसिडि (ECD) सहजकर्ता तथा ग्रेड टीचर (कक्षा शिक्षक) हरूका लागि अन्तर-विद्यालय शैक्षिक अवलोकन तथा शिक्षण अभ्यास अध्ययन भ्रमण कार्यक्रम आयोजना गरिनेछ।

१०. सामुदायिक विद्यालय संस्थागत सुधार तथा व्यवस्थापनमा एकमुष्ट अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।

११. पालिका भरिका सम्पूर्ण सरकारी तथा संस्थागत विद्यालयहरूको शैक्षिक सत्र, परीक्षा तालिका, सार्वजनिक तथा स्थानीय बिदाहरू, र अतिरिक्त क्रियाकलापहरूमा एकरूपता ल्याउनका लागि एकिकृत "(शैक्षिक क्यालेन्डर) स्थानीय शैक्षिक पात्रो" निर्माण गरी समयमै प्रकाशन तथा वितरण गरिनेछ।

१२.समान र गुणस्तरीय शिक्षाको प्रत्याभूतिका लागि नेपाल सरकारको स्वीकृत मापदण्डका आधारमा सबै विद्यालयहरूको वैज्ञानिक तबरले स्तरीकरण )Grading) गरिनेछ र सोही आधारमा आगामी वर्षहरूमा विद्यालय प्रोत्साहन तथा सुधार अनुदान परिचालन गरिनेछ ।

१३. बिपन्न तथा जनजाती बालबालिकाका लागी एक मात्र शिद्देश्वरी आवासीय विद्यालयको भवन तथा छात्राबास भवन समयमै निर्माण कार्य सम्पन्न गरिनेछ ।

२. स्वास्थ्य सम्वन्धी नीतिः

१. यस नगरको प्राथमिकतामा रहेको आधारभूत स्वास्थ्य सेवाका आयामहरु प्रतिकारात्मक सेवा, प्रवर्दनात्मक सेवा, उपचारात्मक सेवा, पुनर्स्थापनात्मक र प्रसामक सेवा सहित सरसफाई सम्बन्धी निर्माण गरिएका स्वास्थ्य ऐन, स्वास्थ्य निति,कार्यविधि, मापदण्ड र निर्देशिका लाई सफल रुपमा कार्यान्वयन गरि समयानुकूल परिमार्जन गरी लागु गरिने छ ।

२. सेवाग्रही, सेवाप्रदायक र व्यवस्थापकको सन्तुष्टीको मापन गरी गुणस्तरिय स्वास्थ्य सेवामा सवै नगरबासीको पहुँच सुनिश्चित गर्न **स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड २०७५** बमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवाको सुनिश्चित गर्न आवश्यक सामाग्रीको व्यवस्थापन गरिने छ ।

३. आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने निशुल्क औषधिहरुको नियमित उपलब्धतालाई सुनिश्चित गरिने छ ।

४. कोल्टी आधारभुत अस्पतालबाट बिशषेज्ञ स्वास्थ्य सेवा नियमित प्रवाह गर्नका लागि निक साईमन्स नेपालसंग आवश्यक सम्झौता गरी आबश्यक चिकित्सक तथा औजार उपकरणको व्यवस्थापन गरिनेछ ।

५. नगरको एकल अधिकार क्षेत्र भित्र रहेको नि:शुल्क आधारभुत स्वास्थ्य सेवाले समेट्न नसकेका स्वास्थ्य सेवाहरुलाई स्वास्थ्य बीमा मार्फत सम्बोधन गर्ने व्यवस्था मिलाईनेछ ।

६. दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको एम्बुलेन्स तथा हवाइ मार्ग मार्फत उद्धार तथा प्रेषण गरी प्रसुती कार्यलाई थप सुरिक्षत,व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

७. सुत्केरी हुनु पुर्व र सुत्केरी भए पश्चात महिला तथा शिशुलाई हुन सक्ने जटिलता लाई ध्यानमा राखि प्रसुती केन्द्रहरुमा २४ घण्टा बस्नका लागि सुत्केरी र एक जना कुरुवाको खाना खर्चको सोधभर्ना गरिने छ । साथै सुत्केरीका चाप धेरै भएका स्वास्थ्य सस्थाहरुमा प्रसुति कुरुवा घरको स्थापनाका लागि पहल गरिनेछ ।

८. गर्भवती महिलाहरुको लागि नियमित प्रदान गर्दै आईरहेको ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमलाई सवै वडाहरुमा विस्तार गरिनेछ। पाण्डुसैन स्वास्थ्य चौकीबाट गर्भवती महिलाहरुको लागि नियमित भिडियो एक्सरे सेवालाई नियमितता हुने व्यवस्था मिलाईनेछ ।

९. स्मार्ट हेल्थ गोलोबल सँगको सहकार्यमा नगरबासीहरुलाई घरघरमा स्वास्थ्य सेवा प्रदान गरिने छ ।

१०.नगरपालिकाको नवजातशिशु मृत्युदर, शिशु मृत्युदर, मातृमृत्युदर कम गर्न पुर्ण गर्भवति जांच एंव पुर्ण संस्थागत सुत्केरी जस्ता अभियान लागू गरिने छ ।

१२.अशक्त, असहाय र ज्येष्ठ नागरिकलाई घरदैलोमै नि:शुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

११."**पोषणमैत्री शासन युक्त नगर** "को सुरुवात गरि सरकारी तथा गैरसरकारी संस्थाहरुसंगको समन्वयमा पोषण कार्यक्रमलाइ थप प्रभावकारी गराइनेछ ।

१२.स्वास्थ्य संस्थाको मासिक प्रगति प्रतिवेदन अनलाइन प्रविष्ट गर्नको लागि सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा ई एच एम आई एस सफ्टवेर जडान गरिनेछ । स्वास्थ्य संथाहरुलाई ईन्टरनेटको पहुँचमा ल्याई वडा स्तरमा नियमित चिकित्सकिय सेवा प्रवाह गर्न स्मार्ट हेल्थ ग्लोवल कार्यक्रम अन्तर्गतको टेलिकन्सल्टेसन कार्यक्रमलाई निरन्तरता दिदै क्रमश: सवै स्वास्थ्य संस्थामा विस्तार गर्न पहल गरिनेछ ।

१३.कोल्टी आधारभुत अस्पतालबाट नियमित प्रदान गरिदै आएका सेवालाई व्यवस्थित गर्न ईलेक्ट्रोनिक हेल्थ रजिष्ट्रि प्रणालीको बिकास गर्दै सम्पुर्ण सेवाहरुलाई डिजिटलाइज गर्दै लगिनेछ ।

१६.किशोर किशोरीहरुसंग प्रजनन् स्वास्थ्यसम्बन्धी स्वास्थ्यकर्मी हरुको अन्तरक्रिया नियमित गरिनेछ र सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्रि वनाइने छ।

१९.महामारीको पुर्व तयारी तथा व्यवस्थापनको लागि स्वास्थ्यकर्मीहरुको **आर आर टि** (Rapid Response Team) लाइ तयारी अवस्थामा राखिने छ साथै उक्त कार्यको लागि आवश्यक औषधि तथा स्वास्थ्य सम्वन्धि सामाग्रीहरु तयारी अवस्थामा राखिने छ ।

२०.स्वास्थ्य सेवाहरु,समयानुकुल प्रभाव पार्ने रोगहरुको रोकथाम तथा व्यवस्थापनको लागि एफएम,रेडियो पत्रपत्रिकाहरुमा सन्देश प्रवाह गरिनेछ ।

२१.व्यक्ति,परिवार र समाजको जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्ने उदेश्यले नसर्ने रोगको प्रकोपको न्युनिकरण गर्नका लागि स्वास्थ्य प्रवर्दनात्मक सेवामा विशेष जोड दिइनेछ साथै यसको लागि निदानात्मक सेवा र उपचारात्मक सेवालाई अभियानको रुपमा विस्तार गरिनेछ ।

२३.टोल तथा बस्तीस्तरमा काम गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु र स्वास्थ्य आमा समूहको कार्यलाई प्रभावकारी वनाईनुका साथै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको स्वयंसेवालाई प्रोत्साहन गरिनेछ ।

२४.नगरबासीलाई विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच पुर्याउन विभिन्न मोबाइल स्वास्थ्य शिविर, टेलिमेडिसिन सेवा र विशेषज्ञ स्वास्थ्य शिविरको आयोजना गरिनेछ ।

२६.कोल्टी आधारभुत अस्पतालमा बाट सेवा लिने सेवाग्राहीको मानसिक स्वास्थ्य,व्यवस्थित र गुणस्तरिय सर्वा प्रवाह गर्न मनोसामाजिक परामर्स मानसिक स्वास्थ्य सेवा प्रदान गर्न व्यवस्था मिलाइने छ ।

२७. नगरपालिकाका मुख्य बजार क्षेत्र,विद्यालयहरुमा लागु औषद तथा दुर्बेसनी बारेमा जानचेतमुलक कार्यक्रम संचालन गरिने छ ।

२८. आयुर्वेद तथा योग शिक्षालाइ पालिका भरिका सबै समुदायिक विद्यालयमा विस्तार गरिने छ ।

२९. पालिका भित्रका जेष्ठनागरीक,स्तनपान गराईरहेका महिलाहरुलाई निशुल्क आयुर्वेद औषधी वितरणको प्रवन्ध मिलाईने छ ।

३०. कोल्टी आयुर्वेद औषधालयमा निर्माण गरिएको योगाहलको बाँकी रहेको काम निर्माण सम्पन्न गरी सुव्यवस्थीत ढङगबाट संचालनमा ल्याईने छ ।

३१.एक एक पाईला नेपाल सङ्गको सहकार्यमा संचालित निशुल्क स्वास्थ्य शिविरलाई थप प्रभावकारी रुममा संचालनका लागी निरन्तरता दिईनेछ ।

**<u>३. कृषि तथा पशुसेवा सम्वन्धी नीतिः</u>**

१.कृषि उद्यम विकासका लागि पकेट क्षेत्र घोषणा गर्न आवाश्यक पूर्वाधार निर्माण र पर्याप्त अध्ययन गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

२.कृषिको विविधिकरण गरी खानामा विविधिकरण गर्न बजार प्रणालीलाई सुव्यवस्थित गरिनेछ ।

३.कृषि सामाग्री कृषि प्रविधि र विउविजनमा कृषक पहुच सुनिश्चितता गर्न ,**"रैथाने बाली हाम्रो सान, आत्मनिर्भर बुढीनन्दाको पहिचान"** भनेर पालिका स्तरमा स्थानिय जातको अन्न, रैथाने बाली, स्थानिय सिमि,आलु,टिमुर र भाँगोबाट बनेका सामाग्रीहरु पालिकाको साझेदारीमा कृषक समुह/कृषि फर्म/कृषि सहकारी द्वारा कोल्टी बजारमा **बुढीनन्दा कोशेली घर** स्थापना गरी स्थानिय कृषि उपजको बजारीकरण गरीनेछ।

४.जलबायु परीवर्तनलाइ मध्यनजर गर्दै खेतीयोग्य बाझो जमिन र नागौं डाँडापाखा नरहने गरी **"बाझो जग्गा मै खन्छु,फलफुल बेची पैसा मै गन्छु"** कार्यक्रम संचालन गरीनेछ।

५.जलवायु परीवर्तनले देखिने नँया रोग किराको पहिचान तथा नियन्त्रण गर्न **बाली तथा पशु उपचार शिविर संचालन** र प्राकृतिक विपदबाट कृषकको आम्दानीको क्षति न्युनिकरण गर्न कृषि बाली र पशु बिमा कार्यक्रममा आबद्व हुन आकर्षित गरीनेछ।

६.**कृषकसँग नगर प्रमुख कार्यक्रम** निरन्तरता दिईनेछ ।

७.जङ्गली जैतुन,ढटेलो संरक्षण र तेलहन बाली उत्पादन र प्रसोधन गर्न कृषकलाइ प्रोत्साहन गरीनेछ

८.पालिका भित्र उत्पादित कृषि उपजको संकलन तथा बजारीकरणका लागि **"छिटो सेवा सस्तो उपचार, कृषि एम्बुलेन्स किसानको अधिकार"** भन्ने नाराका साथ किसानको घरदैलोबाट कृषि एम्बुलेन्स मार्फत संकलन गरी बजारीकरणको सुनिश्चिता गरीनेछ ।

९.रैथाने बाली संरक्षण,प्रबर्द्वन र बजारीकरणका लागी **रैथाने बाली पकेट स्थापना कार्यक्रम** संचालन गरीनेछ।

१०.पालिकाको वडा नं ३,४,९,१० लाइ अर्गानिक वडा घोषणा गरी प्रांग्रारीक मलमा अनुदान दिई त्यहा उत्पादित स्याउ,ओखर,सिमि,आलु,चोतो र रैथाने बालीको प्याकेजिङ,ब्राडिङ र बजारीकरण गरीनेछ ।

११. बिभिन्न जङ्गली फलफुल (मलयो,चुत्रो,काफल,भत्तुणो,घगारु,मेल,पुडिनु,गुफ्ला तथा जङ्गली तरकारी/साग,जिम्बु,फरन,पदमचाल्नो,सत्व आदीलाइ ड्राइ फ्रुट बनाइ बजारमा बिक्री बितरण गर्नका लागि प्रारम्भिक अध्ययन गर्न पहल गरीनेछ ।

१२.पालिकासंग साझेदारी गरी काम गर्दै आएका र साझेदारी गर्न आउने गैरसहकारी संस्थासंग समन्वय तथा सहकार्य गरी उत्पादनमा आधारीत अनुदान कुटानी, पिसानी,प्रसोधन र प्याकेजिङ बिद्युतीय उपकरण प्रयोग गर्न प्रोत्साहन गरीनेछ ।

१३.किसानको सहजताको लागी पालिकाको १० वटै वडामा पशु स्वास्थ्य शिविर संचालन गरिने छ ।

१४. UNDP र नगरपालिकाको साझेदारीमा नगरका कृषक कृषकहरुलाई रु.२ करोड सम्मको श्रण बार्षिक २% व्याजमा उपलब्ध गराइने छ ।

१५. समग्र कृषी क्षेत्रका विकासका लागी Agricultuer Development योजना तयार कार्यन्वयनमा ल्याईनेछ ।

**४. पूर्वाधार विकास सम्वन्धी नीतिः**

१.यस पालिका भित्र सडक संजालमा नजोडिएका टोल तथा बस्तीहरुलाई आ.व.२०८३/०८४ भित्र सडकको पँहुच प्रदान गरिने छ ।

२.नगरपालिका भित्रका सवै वडा तथा उत्पादन क्षेत्रलाई जोडिने गरि रिङरोड निर्माणको लागि सम्भाव्यता अध्ययन गरिने छ ।

३.बुढीन्दा नगरपालिकाको केन्द्र रहेको कोल्टी स्थित २५ शैयाको अस्पताल निर्माण गर्न आवश्यक प्रकृया अगाडी बढाइने छ।

४. बुढीनन्दा नगरपालिका विभिन्न खोलावाट गैर कानूनि रुपमा संकलन/निकासी हुने ढुङ्गा, गिट्टी र वालुवालाई कानूनि रुपमा आवश्यक नीति बनाई करको दायरामा ल्याइने छ।

५.नगरपालिकाभित्र बन्ने नयाँ संरचना भवन),घर( निर्माण गर्नुपुर्व नक्सा पास तथा अभिलेखिकरण गरेर मात्र संरचना बनाउने नीतिलाई आवश्यक प्रक्रियाका आधारमा लागु गरिने छ ।

६.पालिकाका वडा नं.२,४,५,६,८ र ९का निर्माणाधिन वडा कार्यालय भवन तोकिएको निर्धारित समयमा सम्पन्न गरी संचालनमा ल्याईने छ ।

७. नुरी देखी पालिकाको केन्द्र कोल्टी बजार सम्म जोड्ने सडक निर्माणको कार्यलाई आवश्यक प्रकृया पुरा गरी आ.ब.२०८३/०८४ मा सम्पन्न गरिने छ ।

८. नगर भित्रका विभिन्न सडक व्यवस्थापनका लागी यातायात सडक गरु योजना निर्माण गरिनेछ ।

## ५. उद्योग र रोजगारीः

१. **रोजगार प्रवर्द्धन, सहजिकरण कार्यक्रमलाई प्रभावकारी बनाउन** सूचना प्रणाली डिजिटल प्रोफाइल निर्माणः १८ देखि ५८ वर्ष उमेर समूहका सबै बेरोजगार नागरिकहरूको वास्तविक लगत संकलन गरी स्थानीय तहमा डिजिटल प्रोफाइल तयार गरिनेछ।

२. रोजगार सीप तथा उद्यमशीलता केन्द्र  रोजगार शाखाबाट रोजगार परामर्श (Job Counseling) का लागि विद्यालय वा कलेज छोडेका र उपयुक्त काम नपाएका १८ देखि ४० वर्षका युवाहरूलाई लक्षित गरी नियमित परामर्श तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

३. श्रम संसार प्रणालीमा आवद्ध गराउने सम्बन्धी कार्यक्रमः माध्यमिक विद्यालयका विद्यार्थी र शिक्षकहरूलाई श्रम बजार र प्रविधिसँग जोड्न 'श्रम संसार प्रमाणी' सम्बन्धी विशेष अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।

४. **बजारको मागमा आधारित सीप विकास कार्यक्रमका लागि** पाठ्यक्रममा आधारित तालिम CTEVT ले स्वीकृत गरेका व्यावसायिक पाठ्यक्रमहरू र स्थानीय स्तरमा माग भएका परम्परागत सीपमा आधारित रही बेरोजगार तथा सूचीकृत व्यक्तिहरूलाई रोजगारमूलक तालिम दिइनेछ।

५. **उद्यमशीलता र स्वरोजगार प्रवर्द्धन गर्न** व्यवसाय सुरुवात र व्यवस्थापन र आर्थिक लेखा प्रणाली विषयमा युवाहरूलाई अभिमुखिकरण र वित्तीय साक्षरता प्रदान गरिनेछ।

६. **सुरक्षित वैदेशिक रोजगार (सामी कार्यक्रम)** तथ्याङ्क र अभिलेखीकरणः वैदेशिक रोजगारीबाट सीप र अनुभव लिएर फर्केका व्यक्तिहरूको विवरण अध्यावधिक र नक्शाङ्कन गरिनेछ।

७.वैदेशिक रोजगारीमा जान चाहनेहरूका लागि श्रम स्वीकृति र सुरक्षित आप्रवासन सम्बन्धी समुदाय र पालिका स्तरमा जनप्रतिनिधि तथा कर्मचारीहरूलाई सचेतना सेवा प्रदान गरिने छ।

८.पालिकाको लगानीमा तालिम लिएका नयाँ व्यवसाय संचालन गर्ने उद्यमीहरु लाई उद्योग व्यवसाय संचालन गर्नका लागी साझेदारी अनुदान सहयोग गरिने निति बनाई कार्यन्वयन गरिने छ।

<u>**६.सहकारी सम्वन्धी नीतिः**</u>

१. नगरपालिका भित्र रहेका सम्पुर्ण सहकारी संस्थाहरुलाई **कोपोमिसमा** आवद्ध गरी आवश्यकता अनुसार नियमन र क्षमता अभिबृदिका कार्यक्रम सञ्चालन गरिनेछ ।

२. पालिका भित्रका युवा,महिला,अल्पसङख्यक,दलित र जनजाती समुदायका नगरबासीहरु लाई सहकारी संस्था आबद्ध हुन र संचालन गर्न प्रोत्साहन गरिने छ।

**७. वन तथा वातावरण संरक्षण नीतिः**

१. प्राकृतिक रुपमा रहेको जैतुनहरु लाई संरक्षित गरी बुढीनन्दा नगरपालिका वडा नं १,२ र ६ लाई जैतुन जोन घोषणा गर्न आवश्यक निती बनाई लागु गर्न पहल गरिने छ ।

२. डिभिजन वन कार्यालय, ईलाका वन कार्यालय संग समन्वय गरि नर्सरीको स्थापना ,गुणस्तरिय विरुवाहरु उत्पादन कार्य सञ्चालन गर्न आवश्यक पहल गरिने छ ।

३. बहूमुल्य जडिबुटी संरक्षण, चोरी निकासी नियन्त्रण तथा पैठारीमा आर्थिक ऐन अनुसार राजश्व संकलन गर्ने प्रबन्ध मिलाइने छ ।

४. **"सामुदायिक वन, नगरको धन"** अभियान संगै प्रचुर मात्रामा सम्भावना रहेका सामुदायिक बनमा जडिबुटी खेती लाई प्रोत्साहन गरिने छ।

५. पालिका भित्रका भएका बनक्षेत्रमा प्रयोग विहिन भई खेर गैरहेका काठ लाई व्यस्थापन र प्रयोगमा ल्याउन डिभिजन जिल्ला बन कार्यालय संगको समन्वयमा व्यवस्थापन गर्ने निती ल्याइ काम अगाडी बढाइने छ ।

**८.खानेपानी तथा सरसफाई नीतिः**

१. आधारभूत खानेपानी तथा सरसफाईको समस्या समाधानका लागि बुढीनन्दा नगरपालिकाको **"एक घर एक धारा"** अभियान लाइ साकार गर्न हालको स्थिती पहिचान गरी आवश्यक पहल गरिने छ ।

२. पालिकामा खानेपानी समस्या लाइ समाधान गर्न पालिकाका सबै वडा सबै टोल बस्तीमा अनुगमन गरी आवश्यकताको आधारमा नगरबासी सबै लाई स्वाच्छ खानेपानीको पहुँच प्रदान गरिने छ ।

**९. सामाजिक तथा सास्कृतिक विकास नीतिः**

१. यस पालिका भित्र बसोवास गर्ने दलित तथा सिमान्तकृत भोटे जनजातीहरुको समुदायको परम्परागत पेशा तथा सीपको संरक्षण गर्न सीप विकास तथा आयमुलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
२. नगरपालिकामा रहेका हलिया/खलियाको तथ्याङ्क संकलन गरी आवश्यक व्यवस्थापन गर्न पहल गरिने छ ।
३. आधारभूत खाद्य तथा पोषण सुधारका लागि सहयोगी निकायहरुको साझेदारीमा कार्यक्रम संचालन तथा योजना निर्माण गरिने छ ।
४. बुढीनन्दा नगरपालिका वडा नं. ४ को कुरुमा रहेको होमस्टेको स्तरोन्नती गरी बुढीनन्दा वडा नं. ९ र १० मा जनजाती होमस्टे निर्माण गरी संचालनमा ल्याइने छ ।

१०. <u>संस्थागत सुशासन तथा पारदर्शीता नीतिः</u>

१. क्षेत्रगत विकास गतिविधि समेटिने गरी एकिकृत आवाधिक योजनाको तर्जुमा प्रकृया यथाशिघ्र अघि बढाइने छ ।
२. तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी दिगो फराकिलो आर्थिक वृद्धि हासिल गर्न सार्वजनिक नीजि र साझेदारीको नीति अङ्गिकार गर्नेछ ।
३. स्थानीय आवाश्यकतामा आधारित विकास प्रकृयाका लागि जनसहभागितामूलक योजना प्रकृयालाई कडाइकासाथ अवलम्बन गर्नेछ ।
४. स्थायी कर्मचारीहरुको पारिश्रमिक बृद्धि संघीय विनियोजन ऐन २०८३ बमोजिम गरिनेछ ।
५. कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनका वस्तुनिष्ठ सूचकहरुको विकास गरी सरकार प्रमुख र प्रमुख प्रशासकीय अधिकृत एबम् प्रमुख प्रशासकीय अधिकृत र कर्मचारीबीच कार्यसम्पादन सम्झौता र सोही बमोजिम कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली आवद्ध गरिनेछ।
६. स्वीकृत दरबन्दीभित्र करार सेवामा कार्यरत कर्मचारीहरुको मनोबल उच्च राख्न मासिक तलबमा वृद्धि गरिनेछ।

७. सामाजिक सुरक्षा लाभग्राहीहरुको पहिचान गर्न बायोमेट्रिक प्रणाली अनिवार्य रुपमा सञ्चालन गर्दै नविकरण र भत्ता वितरण शिबिरलाई निरन्तरता दिईने छ ।

८. संविधान संङ्घीय कानुन  र प्रदेश कानुन बमोजिम प्राप्त निर्देशनहरु कार्यान्वयन गर्न गराउनका लागि समन्वयकारी भूमिका निर्वाह गरिनेछ ।

९. पालिका स्तरमा युवाहरुका हक अधिकारको वकालत तथा पैरवी गर्नका लागी नगर युवा मंच गठन गरी सबै युवाहरुलाइ आबद्ध गरिने ।

१०. बाजुरा पुर्वी उत्तरी भेगका चार वटा पालिका लाई लक्षित गर्दै यसै चालु आ.ब. २०८२/०८३ मा स्थापना भएको भुमी प्रशासन र नापी कार्यालयबाट प्रदान गरिने सबै किसिमका सेवालाइ प्रवाभकारी र सहज सेवा शिग्र सुरु गर्न पहल गरिने छ ।

११. बाजुरा पुर्वी उत्तरी भेगका चार वटा पालिका लाई लक्षित गर्दै यसै चालु आ.ब. २०८२/०८३मा स्थापना भएको ईलाका प्रशासन कार्यालय स्थापना हुँदा पनि राहदानी लिनका लागी जिल्ला प्रशासन कार्यालयमा नै धाउनु पर्ने बाध्यता भएकाले ईलाका प्रशासन कार्यालय कोल्टी बाटै राहदानी सेवा सुचारुका लागी आवश्यक पहल गरिने छ ।

१२. **'मेरो बुढीनन्दा मेरो पहिचान'** अभियान मार्फत जेन्जीहरुको आवाज पालिकाको सुशासन, विकास र समृद्धिका लागि उपयोग गरिनेछ ।

**११.महिला बालबालिका तथा जेष्ठ नागरिक नीतिः**

१. बालबालिकाको हक अधिकार सुनिश्चित गर्न नगरपालिका भरिका सबै सामुदायिक विद्यालयहरुमा विद्यालय स्तरीय बाल क्लव गठन तथा वडा र नगर स्तरिय वाल क्लब संजालहरु गठन गरी संचालनमा ल्याईने छ ।

२. पालिकामा किशोरीहरुका हक अधिकारको नियमित वकालत र पैरवी गर्नका लागी पालिका स्तरिय किशोरी संजाल गठन गरी नियमित किशोरीमैत्री गतिविधी अगाडि संचालन गरिने छ ।

३. **"बालबालिकामा लगानी,सुनिश्चित भविष्यको थालनी"** भन्ने भनाई लाई आत्मसात गर्दै नगर स्तरिय बाल संरक्षण समिती गठन गरी नगर स्तरमा बाल अधिकार तथा संरक्षणका लागि आवश्यक नीति बनाई कार्यान्वयन गरिने छ ।

४. अपाङ्ग तथा फरक क्षमता भएका बालाबालिकाहरुका लागी आबश्यक कार्यक्रमहरु संचालन गरिने व्यवस्था मिलाईने छ ।

**१२.विपद व्यवस्थापन सम्बन्धी नीति:**

१. विपद मुक्त नगरपालिका बनाउनका लागी पालिकामा रहेका सबै समुदायिक विद्यालय,१ देखी १० वडा र पालिका स्तरमा विपद व्यवस्थापन तथा न्युनिकरणका गर्न विपद प्रतिकार्य सम्बन्धी कार्यशाला संचालन गरी विपद न्युनिकरण योजना तयार गरी कार्यन्वयन गर्ने ।

२.विपद व्यवस्थापनका लागि नगरपालिकामा आवश्यक बजेट व्यवस्थापन सहितको विपद व्यवस्थापन कोष स्थापना गरिने छ ।

३.विपद जोखिम क्षेत्रका बस्तिहरुलाई पुनःस्थापना तथा बस्ती स्थानान्तरणका लागि आवश्यक पहल गरिने छ ।

४.जलवायू परिवर्तन, प्रकोप न्युनिकरणका लागि सरोकारवाला निकाय संग समन्वय गरि आवश्यक योजना तयार गर्ने ।

५. बुढीनन्दा नगरपालिकामा जोखिममा रहेका बस्तीहरुको पहिचान गरी अव्यवस्थीत बसोबास गरिरहेका नगरबासीहरु लाई सुरक्षित बासस्थानको लागी पहल गर्ने ।

**१३. सूचना तथा सञ्चार नीतिः**

१. यही आ.ब.२०८३/०८४ मा बुढीनन्दा नगरपालिका भित्र सबै वडा कार्यालयको केन्द्र सम्म NT Fiber Net जडान कार्यका लागी पहल गरिने छ ।

२. यस पालिका मातहतका अन्य कार्यालय तथा शाखा उप-शाखाहरुमा बायोमेट्रीक हँजिरी व्यवस्थापन गरी संचालनमा ल्याउने ।

३. बढीनन्दा नगरपालिकाको एकिकृत डिजिटल पार्श्वचित्र निर्माण गरिनेछ।

**सभामा उपस्थित नगर उप प्रमुख तथा नगरसभाका सदस्यज्यूहरु,**

बुढीनन्दा नगरपालिकाको आर्थिक,सामाजिक,भौतिक र साँस्कृतिक क्षेत्रहरुको समतामूलक विकासका लागि **"सुखी जनताः समृद्ध बुढीनन्दा "**को आकांक्षा पूरा गर्ने अठोटका साथ आर्थिक बर्ष ०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।आर्थिक पारदर्शीता र सुशासन कायम गराएको खण्डमा नगरको विकास र समृद्धीको सपना पूरा हुने र नीति कार्यक्रमको प्रभावकारी कार्यान्वनका लागि सबैक्षेत्रवाट योगदान हुनेछ भन्ने बिश्वास लिएको छु।

बुढीनन्दा नगरपालिकाको समग्र विकासका लागि सुझाव सल्लाह दिनुहुने सम्पूर्णराजनैतिकदलहरु,सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु,निजीक्षेत्र,नागरिक समाज,सुरक्षाकर्मी र संचारजगतका सम्पूर्ण सहयोगीलाई र बुढीनन्दा नगरपालिकाका सम्पूर्ण आमाबुवा,दाजुभाई,दिदीवहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

बुढीनन्दा नगरपालिकाका सम्पूर्ण जनताहरुको स्वस्थ एवं दिर्घायु सहित समृद्धिको कामना व्यक्त गर्दै बिदा हुन्छु ।

**(धन्यवाद)**